# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा चमेनागृह सञ्चालन सम्बन्धी निर्देशिका, २०८१

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा कार्यरत कर्मचारी, आगन्तुक, सेवाग्राही समेतलाई स्वच्छ, सफा र गुणस्तरीय खाजा खाना उपलब्ध गराउन चमेनागृह सेवा आवश्यक भएकोले सम्झौता भएको मितिबाट ३६५ दिनाका लागि चमेनागृह सञ्चालन गर्न नेपाल सरकारको ईजाजत प्राप्त योग्य, अनुभवी सम्बन्धित संस्थाबाट सेवा उपलब्ध गर्न **"राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा चमेनागृह सञ्चालन सम्बन्धी निर्देशिका, २०८१"** बनाएको छ।

## १. सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना:

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं

**चमेनागृह सञ्चालन सम्बन्धी**
**सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित सूचना : मिति २०८१/-- /-- )

यस राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग भित्र आ.व. २०८१/८२ मा चमेनागृह सञ्चालन गर्नुपर्ने भएकोले सोसेवा उपलब्ध गराउनईजाजत प्राप्त ईच्छुक फर्म/संस्था/कम्पनीले दरभाउपत्र फाराममा उल्लिखित निर्देशिका तथा कार्यक्षेत्रगत शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। दरभाउपत्र फाराम खरिद गर्न फर्म/संस्था/कम्पनीदर्ता प्रमाण-पत्र (नवीकरण सहित),ईजाजत पत्र (नविकरण सहित), मूल्य अभिंबृद्धि कर प्रमाण-पत्र, अघिल्लो आ.व. को करचुक्ता गरेको प्रमाण-पत्र वा कर विवरण पेश गरेको निस्सा वा म्याद थप गरेको कागजातका प्रतिलिपिहरू, प्रस्तावित सुरक्षण धरौटी वापत रू. १०,०००।- (अक्षरूपी दश हजार) यस विभागको धरौटी खाता नं. १२०१२००००१००२५२४ (कार्यालय कोड नं.३२९०३३५०१) मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ। यस सम्बन्धी विस्तृत जानकारीका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ।यस सम्बन्धी विस्तृत सूचना विभागको वेबसाइट : www.dnpwc.gov.np मा हेर्न सकिनेछ। उक्त सूचना यस विभागको सूचनापाटीमा समेत टाँस गरिएको छ।

| ठेक्का नं | विवरण | दरभाउपत्र सम्बन्धी कागजातको दस्तुर | दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्ने अन्तिम मिति | सिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| सञ्चालन | चमेनागृह गर्ने | रू. १,०००/- (अक्षरूपी एक हजार) (फिर्ता नहुने) | (कार्यालय तोकेको मिति भित्र) | | |

नोट: सिलवन्दी दरभाउपत्र खोलिने स्थान: राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, पुरानो सभाहल।

## २. सिलबन्दी दरभाउदाताहरूको लागि निर्देशिका:

२.१ चमेनागृह सञ्चालन सम्बन्धी दरभाउपत्र नेपाल सरकार, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौँको प्रशासन शाखामा नगद रू. १,०००|- (अक्षरूपी एक हजार) तिरी खरिद गर्न सक्नेछ । साथै सिलबन्दी बोलपत्र सोही कार्यालयमा कार्यालय समयभित्रै दर्ता गर्न सकिनेछ ।

२.२ दरभाउपत्र प्रस्ताव सुरक्षण धरौटी वापत रू. १०,०००|- (अक्षरूपी दश हजार) यस विभागको धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

२.३ सिलबन्दी दरभाउपत्र रीत नपुगी वा म्याद नाघी पेश गरेकोपाइएमा स्वतः रद्द मानिनेछ ।

२.४ सिलबन्दी दरभाउपत्रमा उल्लेख भएका बाहेक अन्य शर्तहरु कार्यालयले थपघट नै सक्नेछ।

२.५ सिलबन्दी दरभाउपत्र साथ नविकरण गरेको फर्म दर्ता प्रमाण-पत्र (नविकरण सहित) इजाजतपत्र (नविकरण सहित), मु.अ.कर दर्ता प्रमाण-पत्र र अघिल्लो आ.व. को करचुक्ता गरेको प्रमाण-पत्र वा कर विवरण पेश गरेको निस्सा वा म्याद थप गरेको कागजातका प्रतिलिपिहरु सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (४०) को उप-नियम २(ङ)सँग सम्बन्धित घोषणा-पत्र अनिवार्य रूपमा पेश गरी सबै कागजातहरूको प्रत्येक पानामा सिलबन्दी दरभाउपत्र दाताले सही तथा फर्मको छाप समेत लगाउनु पर्नेछ ।

२.६ सिलबन्दी दरभाउपत्र दाताले कबोल गरेको मूल्य अङ्क र अक्षरमा केरमेट नगरी सफा र स्पष्ट लेखिएको हुनुपर्नेछ । अंङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएको मान्य हुनेछ ।

२.७ प्रचलित ऐन नियम अनुसार चमेनागृह सञ्चालन क्रममा लाग्ने सम्पूर्ण करहरू दरभाउपत्रदाताले बेहोर्नुपर्नेछ ।

२.८ कुनै कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने वा घटी वा बढी अंकको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा निहित रहनेछ ।

२.९ तोकिएको समयभित्र दर्ता भएका सिलबन्दी दरभाउपत्र फारामहरू सूचनामा उल्लेख भएको समयमा दरभाउपत्रदाता वा निजको मन्जुरीनामा पत्रसहितको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । आधिकारिक पत्रविना दरभाउपत्र दाता वा मन्जुरीनामा पत्रविना दरभाउपत्रदाताको प्रतिनिधिलाई दरभाउपत्र खोल्नेस्थानमा

प्रवेश दिइने छैन। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

२.१० दरभाउपत्र दाताले यस राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट बितरित दरभाउपत्र फाराम नै प्रयोग गर्नुपर्नेछ।अन्य तवरले प्राप्त भएको दरभाउपत्र फाराम मान्य हुने छैन।

२.११ जुन फर्म/संस्था/कम्पनीले दरभाउपत्र फाराम खरिद गरेको हो सोही फर्मबाट मात्र दरभाउपत्र फाराम पेश गर्न पाइनेछ।

२.१२ दरभाउपत्र फारामको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारिक सही तथा फर्म/ संस्था/कम्पनीको छाप लागेको हुनुपर्नेछ। दरभाउपत्रको खाम बाहिर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौं चमेनागृह सञ्चालन सम्बन्धी दरभाउपत्रमा ठेक्का नं उल्लेख गरेको हुनुपर्नेछ।

२.१३ दरभाउपत्र फाराम बिक्री गर्ने, दर्ता गर्ने अन्तिम दिन खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा बिदापछि लगतै कार्यालय खुलेको दिन उल्लिखित समय र स्थानमा दरभाउपत्र फाराम बिक्री गर्ने, दर्ता गर्ने तथा खोल्ने कार्य हुनेछ।

२.१४ सिलबन्दी नभएको, म्याद नाघी आएको, रीत नपुगेको, कुनै शर्त राखिएको,न्यूनतम योग्यता प्रमाणित गर्ने कागजपत्रहरूको प्रतिलिपि पेश नभएको दरभाउपत्रउपर कुनै कारबाही गरिने छैन र मूल्याङ्कन प्रक्रियामा समेत समावेश गरिने छैन।

२.१५ दरभाउपत्र फाराममा आफूले कबोल गरेको प्रति इकाई मूल्य अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी छुट्टा छुट्टै लेख्नुपर्नेछ। अंक र अक्षरको वीचमा फरक पर्न गएमा अक्षरमा अंकित मूल्यलाई मान्यता दिइनेछ। दरभाउपत्र फाराममा आफूले कबोल गरेको प्रति इकाई मूल्य र जम्मा मूल्यमा फरक पर्न गएमा प्रति इकाई मूल्यलाई मान्यता दिइनेछ।

२.१६ दरभाउपत्र फाराममा केरमेट भएमा केरमेट गरिएको ठाउँमा दरभाउपत्र दाताले सही गर्नुपर्नेछ।

**(क) मूल्याङ्कनका आधारहरू :**

२.१७ संस्थागत क्षमता:

(१) फर्म चमेनागृह, होटल, रेष्टुरेन्ट कामका लागि नेपाल सरकारको ईजाजत लिई नविकरण गरेको फर्म दर्ता प्रमाण-पत्र, मु.अ.कर दर्ता प्रमाण-पत्र, ईजाजत पत्र र अघिल्लो आ.व. को करचुक्ता गरेको प्रमाण पत्र वा कर विवरण पेश गरेको निस्सा वा म्याद थप कागजातका प्रतिलिपिहरू सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (४०) को उप-नियम २(ङ)सँग सम्बन्धित घोषणा-पत्र अनिवार्य रुपमा पेश गरी सबै कागजातहरूको प्रत्येक पानामा सिलबन्दी दरभाउपत्र दाताले सही, फर्मको छाप लगाइएका विधिपूर्वकका प्रस्ताव मात्र कबोललाई मूल्याङ्कन प्रकियामा समावेश गरिने छ।



CamScanner

२.१८ प्राविधिक र आर्थिक क्षमता:

(१) चमेनागृहको न्यूनतम मासिक बहाल जिल्ला दररेट निर्धारण समितिको घर र जग्गा भाडा निर्धारण रेट बमोजिम हुनेछ र सो दररेट हरेक आर्थिक वर्ष थपघट हुनसक्ने छ।२०,९८६ (अक्षरुपी बिस हजार नौ सय छयासी) रुपमा हुनेछ । सो भन्दा कम कबोल अङ्कलाई प्रस्ताव मूल्याङ्कनमा समावेश गरिने छैन र प्रस्ताव मूल्याङ्कनमा यस राजस्व प्रस्तावको अङ्कभार हुनेछ।

(२) सिलबन्दी फाराममा सि.नं. १ देखि २५ सम्मका उल्लिखित खाना खाजाका परिकार तथा दररेट तालिकामा तोकिएको दररेटहरूमा दरभाउदाताले कबोल गरिने दररेटहरूमा हरेक परिकारको दररेटमा सबैभन्दा कम दररेटलाई ४(चार) अंक दिनेछ । सो भन्दा बढीलाई प्राथमिकताका रूपमा कम अंक दिने गरी २५ वटा परिकारको अंक १०० (एकसय) गरी जम्मा १०० (एकसय) पूर्णाङ्क हुनेछ ।

२.१९ चमेनागृह सञ्चालन सम्बन्धी सिलवन्दी दरभाउपत्र फारामको मूल्याँकनको सूत्र:

(१) वुदाँ नं. ६.क को चमेनागृहका परिकारका दररेटका लागिः सबैभन्दा कम कबोल अङ्क / मूल्याङ्कन हुने फर्मले गरेको कबोल अङ्क X ४ हुनेछ ।

साथै चमेनागृह सञ्चालन सम्बन्धी मासीक बहाल करको मूल्याङकन सम्बन्धी सुत्र: मूल्याङ्कन हुने फर्मले गरेको कबोल अङ्क /सबैभन्दा बढी कबोल अङ्क X १० हुनेछ । चमेनागृहका परिकारका लागि भार अंक ९० र मासिक बहालको भार अंक १० गरी जम्मा मूल्याङकन भार अंक १०० हुनेछ ।

(२) माथी उल्लेखित सुत्रहरुबाट (घरबहाल र परिकारको दररेट) प्राप्त अङ्कको औसतलाई अन्तिम मूल्याङकनको आधार मानिने छ । कुनै सि.नं. मा एकभन्दा बढी आइटम भएमा उक्त सूत्र अनुसार आउने अङ्कको एभरेज निकालिने छ ।

२.२० प्रस्तावदाताले प्रस्ताव गर्नुपर्ने परिकारको दररेट विभागले स्वीकृत गरेको दररेट भन्दा कम प्रस्ताव गर्नुपर्नेछ । यदि विभागले स्वीकृत गरेको परिकारको दररेट भन्दा बढी प्रस्ताव गरिएको पाइएमा त्यस प्रकारको परिकारको प्रस्तावलाई मूल्याँकन गरिने छैन । माथि उल्लेखित मूल्याँकनका आधारहरूमा सबैभन्दा अधिकतम अंक प्राप्त गर्ने प्रस्तावदाता मध्येका व्यवसायी छनोट हुनेछ ।

२.२१ यसरी मूल्याङ्कित सबै प्रस्तावकहरूको नाम तथा प्राप्त गरेको नम्बर प्राथमिकताक्रमको आधारमा यस विभागको वेवसाइट र सूचनापाटी आशयको सूचना टाँस गरिनेछ । कुनै प्रस्तावदातालाई निर्णय चित्त नबुझेमा सूचना टाँस भएको मितिले सात(७) दिन भित्र यस विभागमा गुनासोको निवेदन पेश गर्न सक्नेछ ।

**(ख) प्रस्तावकसँग सम्झौता:**

२.२२ दरभाउपत्र स्वीकृत भएको ७(सात) दिनभित्र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा सम्झौंता गर्न आउन स्वीकृत दरभाउपत्र दातालाई जानकारी गराइनेछ ।

२.२३ यस सम्झौंताको अवधि सम्झौता भएको मितिले ३६५ (तीन सय पैसठ्ठी) दिनको हुनेछ । सम्झौताको क्रममा प्रस्तावदाताले धरौटी वापतको रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्ने छ ।



CamScanner

२.२४ छनौट भएको प्रस्तावदाता ७(सात) दिनभित्र सम्झौता गर्न नआएमा निज फर्मको प्रस्ताव सुरक्षण धरौटी जफत गरी लगत्तै दोस्रो प्राथमिकताको प्रस्तावदातासँग सम्झौता गरिनेछ र कालो सूचीमा राख्न सिफारिस गर्न सकिनेछ।

२.२५ प्रस्ताव स्वीकृत नभएका प्रस्तावदाताको प्रस्ताव सुरक्षण धरौटी रकम सम्झौता भए पश्चात फिर्ता गरिनेछ।

२.२६ सम्झौंतामा सही गर्न आधिकारिक पत्र सहित स्वीकृत दरभाउपत्र दाता आफै वा मञ्जुरीनामापत्र सहितको आफ्नो प्रतिनिधि तथा एकजना साक्षीसहित उपस्थित हुनुपर्नेछ।

२.२७ दरभाउपत्र सम्बन्धी कुनै संशोधन गर्नु परेमा सो को जानकारी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको आधिकारिक वेवसाइट www.dnpwc.gov.np मा राखी सोको जानकारी सूचना पाटीमा समेत टाँस गरिनेछ।

२.२८ चमेनागृह सञ्चालकको सेवाको कार्य सम्पादन मूल्यांकन, कर्मचारी र आगन्तुकहरूको सन्तुष्टि, निरीक्षण अनुगमन समितिको प्रतिवेदन लगायत मापनका आधारमा विभागले चमेनागृह सञ्चालन सम्बन्धी सम्झौताको आवश्यकता अनुसार म्याद थप गर्न सकिनेछ।

**२. सिलबन्दी दरभाउपत्र दाताहरूको लागि कार्य क्षेत्रगत शर्तहरू :**

**(क) उद्देश्यः**

३.१ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा कार्यरत कर्मचारी, आगन्तुक, सेवाग्राही समेतलाई स्वच्छ, सफा र गुणस्तरीय खाजा खाना उपलब्ध गराउन चमेनागृह सेवा आवश्यक भएकोले सम्झौता भएको मितिबाट ३६५ दिनका लागि चमेनागृह सञ्चालन गर्न नेपाल सरकारको ईजाजत प्राप्त योग्य, अनुभवी सम्बन्धित संस्थाबाट सेवा उपलब्ध गर्न यो कार्य क्षेत्रगत शर्तको अधिनमा रही सेवा उपलब्ध गराउनु पर्नेछ।

**(ख) सेवा उपलब्ध गराउने विधि :**

३.२ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका सम्पूर्ण कर्मचारीहरूको लागि व्यवसायीले खाजा खानाका सेवा स्वीकृत दररेट बमोजिम नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ।

३.३ सेवा उपलब्ध गराउन चमेनागृह परिसरमा भान्साको लागि स्थानको व्यवस्था विभागको तर्फबाट जे जस्तो अवस्थामा छ, सोही उपलब्ध गराइने छ। उक्त स्थानमा भान्साका पकाउने सामानहरु र सर्भिस सामानहरू व्यवसायी स्वयंबाट व्यवस्था गर्नुपर्नेछ साथै केही थप निर्माण गर्नुपर्ने भए व्यवसायी स्वयंले विभागको स्वीकृतिमा गर्न सक्नेछ।

३.४ भान्सा र सर्भिसमा प्रयोग हुने सामानहरू (मेच, टेवुल, कप, प्लेट,थाली, चम्चा, काँटा, गिलास, जग, बाउल आदि) स्वच्छ र सफा हुनुपर्नेछ।

३.५ चमेनागृहले खाजा खाना सफा, स्वच्छ र गुणस्तरीय रूपमा उपलब्ध गराउनु पर्नेछ।

**(ग) खाजाखानाको गुणस्तर नियन्त्रण व्यवस्था :**

३.६ गुणस्तर नियन्त्रणका लागि यस विभागले मापदण्ड तोक्ने र सो बमोजिम जाँच गर्न सक्नेछ।



CamScanner

३.७ खाजा खानाका तोकिएका परिकारहरूमा तोकिएको गुणस्तर तथा परिमाण र सम्झौताको दरमा उपलब्ध गराउनु पर्नेछ।

३.८ चमेनागृहको प्रत्येक दिन कम्तिमा १०(दश) वटा खाना खाजाको परिकारहरू १०.०० बजेदेखि ३.०० बजेसम्म अनिवार्य रूपमा तयार गरी राख्नुपर्नेछ।

३.९ दैनिक खाना खाजाका परिकारहरूको मूल्यसूची सबैले देख्ने स्थानमा टाँस गर्नुपर्नेछ।

३.१० मूल्यसूची सम्झौता अवधिभर परिवर्तन हुने छैन।

३.११ विभाग परिसरका सम्पूर्ण कर्मचारीहरूलाई प्राथमिकतामा राखी खाना खाजा समयमानै उपलब्ध गराउनु पर्नेछ।

३.१२ खाद्य/उपभोग्य बस्तुहरूको गुणस्तरमा विभागले अनुगमन समितिले आवश्यक ठह्याएको बखत तोकेको समयभित्र सम्बन्धित व्यवसायीले ६/६ महिनामा खाद्य परीक्षण गराई प्रमाण राख्नु पर्नेछ। सामान्यतः सेवा शुरू गरेको एक हप्ताभित्र खाद्य प्रविधि कार्यालय मार्फत अनिवार्य रूपमा बिवरण पेश गर्नुपर्नेछ।

३.१३ उपलब्ध खाजा खाना र बस्तुको गुणस्तर, मूल्य, परिमाण, सरसफाई र सेवा प्रवाहका सम्बन्धमा यस विभागका कर्मचारीहरू वा परिसरभित्रका सार्वजनिक निकायबाट गुनासो आएमा अनुगमन गरी सुधार गर्न निर्देशन दिइनेछ। अनुगमन समितिले सुधारका लागि दिएका निर्देशन अनिवार्य रूपमा पालना गर्नु पर्नेछ। निर्देशन पालना नभएमा ७(सात) दिनको समय दिई सुधारको मौका दिइनेछ। सो समयमा पनि सेवा सुधार वा सम्झौता पालना नभएमा सम्झौता रद्द गरी कानून बमोजिम धरौटी जफत गरी कालोसूचीमा राख्ने लगायतका कारवाही हुनेछन्।

३.१४ गुणस्तरीय खाजा र खाना सहज र सुलभ रूपमा उपलब्ध गराउनुपर्नेछ। विभागका कर्मचारीहरूलाई खाना खाजा उपलब्ध गराउने कार्यमा असर नपुर्याई आगन्तुकहरूलाई समेत खानाखाजा सेवा उपलब्ध गराउन सकिनेछ।

३.१५ खाना खाजाको सेवा उपलब्ध गराउन आवश्यकताअनुसार कुपन प्रणाली अपनाउनु पर्नेछ।

३.१६ चमेनागृह सधै सफा सुग्घर राखी स्वस्थ्यकर वातावरण बनाउने र गुणस्तरीय परिकार खुवाउने दायित्व सञ्चालकको हुनेछ र चमेनागृहबाट निष्कने फोहरको व्यवस्थापन चमेनागृह सञ्चालक स्वयंले गर्नुपर्नेछ।

**(घ) अन्य शर्तहरू:**

३.१७ छनोट भएको प्रस्तावदाता फर्मले सम्झौता गर्नु भन्दा पहिले कार्यसम्पादन जमानत बापत नेपाल राष्ट्र बैंकमा यस विभागको नाममा रहेको एकल धरौटी खाता नं.१२०१२००००१००२५२४ (कार्यालय कोड नं.३२९०३३५०१) मा प्रस्तावदाताले कवोल गरेको वार्षिक घरभाडा रकमको ५ प्रतिशतले हुन आउने नगद जम्मा गर्नुपर्नेछ। दुवै पक्षको सहमतिमा वा सम्झौता अवधि समाप्त भए पश्चात चमेनागृह सञ्चालन गर्न छोडेमा सो रकम ३(तीन) महिनासम्ममा फिर्ता गरिनेछ तर फर्म, व्यवसायीको कारणले यस सम्झौंता अन्त्य गरिएको अवस्थामा सो धरौटी रकम जफत गरी कालोसूचीमा राख्ने प्रक्रिया अगाडि बढाइनेछ।

३.१८ प्रस्तावदाता फर्मलाई चमेनागृह सञ्चालन गर्न स्थान, फर्निचर र सरसफाईको लागि साधारण पानी नपुग भएमा फर्म स्वयंले व्यवस्था गर्नुपर्नेछ।

३.१९ यस विभागले प्रस्तावदाता फर्मलाई विद्युत लाईन उपलब्ध गराउने छ। चमेनागृहमा जडान भएको सब-मिटरमा मासिक रूपमा उठेको बिद्युत खपत महशुल प्रति युनिटले हुने रकम सञ्चालक स्वयंले मासिक रुपमा विद्युत प्राधिकरणको प्रचलित दररेटले रकम तोकिएको खातामा समयमै भुक्तानी गरी बील विभागमा पेश गर्नुपर्नेछ।

३.२० चमेनागृहको पूर्णरुपमा सरसफाई गर्ने कार्य प्रस्तावदाता फर्म स्वयंले गर्नुपर्नेछ। सो कार्य भए नभएको विभागले नियमित रुपमा अनुगमन एवं निरीक्षण गर्नेछ। निरीक्षणको क्रममा चमेनागृह भाँडावर्तन र खाना खाजा पकाउने स्थान फोहोरमैला हुनुका साथै सम्झौता विपरीत काम कारबाही भए गरेको पाइएमा प्रचलित ऐन, नियम अनुसार कारबाही हुनेछ। साथै नेपाल सरकारका अन्य निकायहरूबाट हुने अनुगमन एवं निरीक्षणको क्रममा दिइएका आदेशहरू कार्यान्वयन गर्ने प्रस्तावदाता फर्म स्वयंको हुनेछ।

३.२१ प्रस्तावदाता फर्मले चमेनागृहमा स्वच्छ पिउने पानीको व्यवस्था स्वयंले गर्नुपर्नेछ। अस्वस्थकर पिउने पानी प्रयोग गरेको पाइएमा, बासी एवं गुणस्तरहिन खाना खाजा खुवाइएको पाइएमा र म्याद नाघेको, सडेगलेका अस्वस्थकर खाद्य सामग्रीको प्रयोग गरेको निरीक्षणको क्रममा पाइएमा विभागले सचेत गराउने छ। सो अनुसार कार्य नभएमा धरौटी जफत गरी ७(सात) दिनभित्र चमेनागृह बन्द गर्न आदेश दिनुका साथै नेपाल सरकारको प्रचलित ऐन, नियम अनुसार कारबाही गर्ने र सम्झौता भंग गरी सेवा खरिद प्रक्रिया पुनः थालनी गर्न सक्नेछ।

३.२२ सामान्यतया चमेनागृह बिहान ९.३० बजेदेखि साँझ ६.०० बजेसम्म सञ्चालनमा रहनु पर्नेछ तर यस विभागको आवश्यकता अनुसार सार्वजनिक बिदाको दिन र अन्य समयमा समेत चमेनागृह सञ्चालन गर्न सक्नेछ।

३.२३ चमेनागृहबाट उपलब्ध गराउने खाना खाजा विभागका कर्मचारीहरूबाट माग भएअनुसार विभिन्न शाखाहरूमा पुर्याउने दायित्व प्रस्तावदाता फर्म स्वयंको हुनेछ। सोको लागि कम्तिमा १(एक) जना कुक र ३(तीन) जना कामदार र अन्य सहयोगीको परिचय खुल्ने कागज-पत्र, कामदारको सेवा, सुरक्षा लगायत अन्य प्रस्ताव सहित पेश गर्नु पर्नेछ र कुनै कारणवश उक्त कामदार सहयोगी परिवर्तन वा थपघट गर्नुपर्ने भएमा विभागको स्वीकृति लिएर मात्र गर्नुपर्नेछ।

३.२४ चमेनागृह सञ्चालन गर्दा नेपाल सरकारको स्वास्थ्य सम्बन्धी मापदण्ड कडाईकासाथ पालना गर्नु पर्नेछ। चमेनागृहमा प्रस्तावदाता फर्मका कारणले कुनै हानी नोक्सानी भएमा सो को मर्मत संभार तथा क्षतिपूर्ति प्रस्तावदाता स्वयंले गर्नुपर्नेछ। नगरेमा सो बापत निजले राखेको धरौटी रकमबाट असूल उपर गरी सो कार्य गराइनेछ। धरौटी रकमले नपुग भएमा प्रचलित कानून अनुसार निजको घरघरानाबाट असूल उपर गरिनेछ।

३.२५ चमेनागृह सञ्चालकले चमेनागृहमा काम गर्ने कामदारहरूको व्यवस्थापन नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनुपर्नेछ र उनीहरूलाई एकरूपता कायम हुने गरी अनिवार्य रूपमा पोशाकको व्यवस्था गर्नुपर्नेछ।

३.२६ चमेनागृहको भान्सामा तोकिएका ब्यक्ति बाहेक अनधिकृत ब्यक्ति प्रवेश गर्न पाइने छैन र काममा खटिएका कामदारहरूले सेवामा स्वास्थ्य, स्वच्छता र सत्कार पालना गर्नु गराउनु पर्नेछ।

३.२७ चमेनागृहबाट चुरोट, सूर्ती तथा मदिराजन्य पदार्थहरू बिक्री वितरण तथा सेवन गर्न, गराउन पाइने छैन।

३.२८ चमेनागृह र वरपर कुनै प्रकारका प्लाष्टिकजन्य सामग्री प्रयोग गर्न पाइने छैन। साथै चमेनागृह र वरपर कुनै पनि गैरकानूनी क्रियाकलाप गर्न, गराउन पाइनेछैन।

३.२९ उल्लिखित बाहेक अन्य कुराको हकमा नेपालको प्रचलित ऐन, नियम अनुसार हुनेछ।

३.३० मासिक भाडाको भुक्तानी , खानेपानी, विजुली र अन्य कर भुक्तानी गर्ने समय सम्झौता बमोजिम हुनेछ।

## ३. सिलबन्दी दरभाउपत्र फाराम साथ पेश गर्नुपर्ने आवेदन-पत्र :

मिति २०८१/-- /--

श्री महानिर्देशकज्यू,
राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग,
बबरमहल, काठमाडौं।

विषय : **चमेनागृह सञ्चालन गर्न सिलबन्दी दरभाउपत्र पेश बारे।**

त्यस विभागको मिति २०८१/--/ -- गतेको ........ राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित आ.व. २०८१/८२ मा चमेनागृह सञ्चालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान सूचना ठेक्का नं. अनुसार त्यस विभागबाट तोकिएको कार्य क्षेत्रगत सेवा, शर्तहरूका नियम तथा निर्देशिका पूर्णरुपमा मञ्जुर सहित प्रतिवद्धता व्यक्त गर्दै खाना खाजा परिकारका इकाई, परिमाण अनुसारको दररेट तालिका, स्पेशिफिकेशन, मासिक बहाल (राजस्व), प्रस्ताव सुरक्षण धरौटी वापतको रकमको सक्कल भौचर र अन्य विवरण भरी यसैसाथ संलग्न राखी चमेनागृह सञ्चालन गर्न तयार रहेको हुँदा यो सिलबन्दी दरभाउपत्र पेश गरिएको व्यहोरा अनुरोध छ।

निवेदक:

हस्ताक्षर : ..........................................................

नाम, थर : ..........................................................

स्थायी ठेगाना : ..................................................

फर्मको नाम: ......................................................

सम्पर्क नं. : ......................................................

मिति : ..............................................................

कम्पनी/फर्म वा संस्थाको छाप:

CamScanner

४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (४०) को उप-नियम (२)(ङ)सँग सम्बन्धित लिखितरूपमा गरेको घोषणा-पत्रः

५.१ दरभाउपत्र दाताको परिचयात्मक विवरणः

नामथर : ..........................................................................

ठेगाना : ..........................................................................

स्थायी ..........................................................................

अस्थायी : ..........................................................................

सम्पर्क नं. ..........................................................................

फर्म/संस्था वा कम्पनी दर्ता प्रमाण-पत्र नं. ...............................................

मूल्य अभिबृद्धि कर (VAT) दर्ता प्रमाण-पत्र .......................................

मिति : ..........................................................................

५.२ उपर्युक्त विवरण भएको म मेरो फर्म/संस्था/कम्पनीको आधिकारिक प्रतिनिधित्व हैसियतमा निम्न व्यहोरा घोषणा गर्दछु :

(क) प्रस्तावित खरिद कारबाहीमा भागलिन रोक लागेको वा कालो सूचीमा परि यो फर्म/संस्था वा कम्पनी अयोग्य भएको छैन।

(ख) प्रस्तावित खरिद कारबाहीमा कुनै किसिमबाट स्वाःर्थ बाझिने अवस्था विद्यमान छैन।

(ग) सार्वजनिक खरिद कारबाहीमा संलग्न हुन आवश्यक सम्बन्धित पेसा वा व्यवसाय सम्बन्धी कसूरमा सजाय भएको छैन।

हस्ताक्षरः ..........................................................................

नाम, थरः ..........................................................................

ठेगानाः ..........................................................................

फर्मको नाम : ..........................................................................

मिति : ..........................................................................

सम्पर्क नं. ..........................................................................

फर्म/संस्था वा कम्पनीको छाप :

५. खाना खाजाका परिकार अधिकतम प्रति इकाई दररेट (रू.):

क. चमेनागृहका परिकारका दररेट (रू) :

| सि. नं. | खाद्य परिकार | परिमाण | इकाई | विभागको स्वीकृत अधिकतम प्रति इकाई मूल्य( रू. | कवोल गरेको प्रति इकाई मूल्य (रू.) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | अङ्कमा | अक्षरमा | |
| १ | चिया (दुध/कालो/लेमन) | १५० ML. | प्रति कप | २५/१५/२० | | | |
| २ | कफि (दूध/कालो) | १५० ML. | प्रति कप | ४०/२५ | | | |
| ३ | म:म:<br>क. पनिर<br>ख. चिकेन<br>ग. भेज | <br>३०० ग्राम<br>३०० ग्राम<br>३०० ग्राम | <br>प्रति प्लेट<br>प्रति प्लेट<br>प्रति प्लेट | <br>१४०.००<br>१२०.००<br>१००.०० | | | कम्तीमा १० पिस हुनुपर्ने। |
| ४ | आटा/फाफर रोटी, अचार र तरकारी | १५० ग्राम | प्रति प्लेट | ८०.००/१००.०० | | | कम्तीमा एउटा रोटी ७५ ग्रामको २ वटा। |
| ५ | चाउमिन<br>क. भेज<br>ख. चिकेन<br>ग. अन्डा | <br>३०० ग्राम<br>३०० ग्राम<br>३०० ग्राम | <br>प्रति प्लेट<br>प्रति प्लेट<br>प्रति प्लेट | <br>८०.००<br>१२०.००<br>११०.०० | | | |
| ६ | चिउरा खाजा सेट<br>क. भेज<br>ख. चिकेन<br>ग. मटन | <br>३०० ग्राम<br>४०० ग्राम<br>४०० ग्राम | <br>प्रति प्लेट<br>प्रति प्लेट<br>प्रति प्लेट | <br>८०.००<br>१२०.००<br>१६०.०० | | | सेटमा भटमास, चना, तरकारी, आलु र अचार सहित हुनुपर्ने मासु कम्तीमा १०० ग्राम हुनुपर्ने। |
| ७ | समोसा तरकारी | २८० ग्राम | प्रति प्लेट | ७०.०० | | | ८५ ग्रामको समोसा २ पिस हुनुपर्ने। |
| ८ | आलु चप/भेज पकौडा<br>पनिर पकौडा | १२० ग्राम<br>१२०ग्राम | प्रति प्लेट<br>प्रति प्लेट | ५०.००<br>१००.०० | | | ६ पिस हुनुपर्ने। |
| ९ | बारा | ६० ग्राम | प्रति रोटी | ५०.०० | | | |
| १० | भुटन/पाँग्रा चिउरा सेट भटमास, आलु, चना, तरकारी र अचारसहित | ४०० ग्राम | प्रति प्लेट | १४०.०० | | | भुटन कम्तीमा ७० ग्राम हुनुपर्ने। |
| ११ | क. आलु परौठा<br>ख. भेज रोल<br>ग. अण्डारोल<br>घ. चिकेन रोल | १०० ग्राम<br>१०० ग्राम<br>२०० ग्राम<br>१५० ग्राम | प्रति रोटी<br>प्रति रोल<br>प्रति रोल<br>प्रति रोल | ५०.००<br>५०.००<br>९०.००<br>१५०.०० | | | अण्डा रोलमा २ वटा अण्डा हुनुपर्ने। |
| १२ | जेरी/हलुवा पुरी, अचार र तरकारी | ३०० ग्राम | प्रति प्लेट | १२०.०० | | | २ जेरी वा हलुवा र ४ पुरी हुनुपर्ने। |

१०

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | खीर, तरकारी र अचार | ३०० ग्राम | प्रति प्लेट | १२५.०० | | | खीर कम्तीमा २६० ग्राम हुनुपर्ने |
| १४ | दही<br>लसी | १५० ग्राम<br>२५० ML. | प्रति कचौरा<br>प्रति गिलास | ३५.००<br>१००.०० | | | लस्सीमा कम्तीमा ३ थरी मसला हुनुपर्ने |
| १५ | माछाफ्राई | ७० ग्राम | प्रति पिस | ३५.०० | | | |
| १६ | सुप भेज/चिकन/मसरूम | ३०० ML. | प्रति कचौरा | १००.०० | | | |
| १७ | सेलरोटी | ११५ ग्राम | प्रति पिस | २५.०० | | | |
| १८ | खाना<br>क. भेज<br>ख. चिकेन<br>ग. मटन | ४०० ग्राम | प्रति थाली | ११०.००<br>१५०.००<br>२००.०० | | | राम्रो मन्सुली चामलको भात, दाल, मिक्स तरकारी, साग, अचार, पापड र ग्रिन सलाद सहित चिकेन र मटन कम्तीमा १०० ग्राम हुनुपर्ने |
| १९ | तयारी चाउचाउ<br>क. भेज<br>ख. चिकेन<br>ग. अण्डा | ६० ग्राम<br>६० ग्राम<br>६० ग्राम | प्रति प्लेट<br>प्रति प्लेट<br>प्रति प्लेट | ५०.००<br>१००.००<br>८०.०० | | | प्याकेट चाउचाउ ६० ग्रामको हुनुपर्ने (सुप र फ्राई समेत) |
| २० | थुक्पा<br>क. भेज<br>ख. चिकेन<br>ग. मटन | २८० ग्राम<br>२८० ग्राम<br>२८० ग्राम | प्रति कचौरा | १००.००<br>१५०.००<br>१८०.०० | | | चाउमिन कम्तीमा १०० ग्राम, चिकेन र मटन कम्तीमा ४ पिस हुनुपर्ने। |
| 21 | दुधिलो मकै<br>क. उसिनेको<br>ख. छोडाएको | ३०० ग्राम<br>१०० ग्राम | प्रति घोगा<br>प्रति प्लेट | २५.००<br>३०.०० | | | |
| २२ | निमकीन | १०० ग्राम | प्रति प्लेट | ५०.०० | | | |
| २३ | समोसा चाट दही सहित | ३०० ग्राम | प्रति प्लेट | ११०.०० | | | |
| २४ | अण्डा<br>क. उसिनेको<br>ख. अम्लेट | ल.स.<br>ल.स. | प्रति गोटा<br>प्रति गोटा | २५.००<br>३५.०० | | | |
| २५ | मौसम अनुसारका मिक्स फलफुल<br>ग्रीन सलाद | ३०० ग्राम<br>३००ग्राम | प्रति प्लेट<br>प्रति प्लेट | १००.००<br>७५.०० | | | कम्तिमा ४ थरिका फलफूल/सलाद हुनुपर्ने। |
| | जम्माः | | | | | | |

- माथि उल्लिखित खाना खाजाका परिकारहरूमा थपघट वा संशोधन गर्नुपरेमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागसँग पूर्व स्वीकृति लिनुपर्ने छ।

CamScanner

ख. चमेनागृहको न्यूनतम मासिक बहाल (राजस्व) रू. (न्यूनतम रु. ३०,१५५/- हुनुपर्ने):

कबोल गरेको रकम (अंकमा): ..........................................................................................

(अक्षरमा) : ..........................................................................................

ग. परिकारमा दिन सक्ने भए छुट प्रतिशत :

छुट प्रतिशत (अंकमा) : ..........................................................................................

(अक्षरमा) : ..........................................................................................

हस्ताक्षरः ..........................................................................

नाम, थरः ..........................................................................

ठेगानाः ..........................................................................

फर्मको नाम : ..........................................................................

मिति : ..........................................................................

सम्पर्क नं. ..........................................................................

फर्म/संस्था वा कम्पनीको छाप :



CamScanner

६. चमेनागृह सञ्चालन सम्बन्धी सम्झौंता-पत्र (मस्यौदा):

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाण्डौ
**चमेनागृह सञ्चालन सम्बन्धी सम्झौता-पत्र**

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाण्डौ (प्रथम पक्ष) र ........................................................ (दोस्रो पक्ष) बीच यसैसाथ संलग्न कार्य क्षेत्रगत सेवा शर्तहरूमा उल्लेखित बुँदाहरूको अधिनमा रही आ.व. २०८१/८२ को लागि मिति २०८१/ / मा खोलिएको चमेनागृह सञ्चालन सम्बन्धी सिलबन्दी बोलपत्रको आव्हान सम्बन्धी सूचना ठेक्का नं. बमोजिम संलग्न दररेट तालिका तथा स्पेशिफिकेशन, विभागका कर्मचारीहरूलाई परिकारको दैनिक दररेटमा पाउने ...... प्रतिशत छुट रकम उल्लेख भए अनुसार स्थान, फर्निचर, ईनारको पानी प्रयोग गरेवापत मासिक बहाल (राजस्व) रकम रू. ......... (अक्षरूपी ..................................) (बिद्युत महशुल समेत) विभागलाई बुझाउने गरी चमेनागृह सञ्चालन गर्न सम्झौताका निर्देशिका, सेवा, कार्य क्षेत्रगत शर्त, बिधि तथा अन्य शर्तहरूको अधिनमा रहि दुवैपक्ष सहमत भई यो सम्झौता-पत्रमा किनाराका साक्षीहरूको रोहवरमा हस्ताक्षर गरी एक, एकप्रति बुझी लियौं, दियौं ।

| प्रथम पक्ष : | दोस्रो पक्ष : |
|---|---|
| दस्तखत ........................................................<br>नाम, थर ........................................................<br>पद ........................................................<br>ठेगाना ........................................................<br>फोन नं. ........................................................<br>कार्यालयको छाप | दस्तखत ........................................................<br>नाम, थर ........................................................<br>पद ........................................................<br>ठेगाना ........................................................<br>फोन नं. ........................................................<br>संस्था/कम्पनीको छाप |
| **साक्षी:** | **साक्षी :** |
| दस्तखत ........................................................<br>नाम, थर : ........................................................<br>पद : ........................................................ | दस्तखत ........................................................<br>नाम, थर : ........................................................<br>पद : ........................................................ |
| दस्तखत ........................................................<br>नाम, थर : ........................................................<br>पद : ........................................................ | दस्तखत ........................................................<br>नाम, थर : ........................................................<br>पद : ........................................................ |



CamScanner